मिति : २०७५ चैत्र २८ गते
समय : विहान ८.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिम नगर कार्यपालिकाको वाईसौं बैठक
अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत
उपस्थिति विवरण :

| क.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | **दस्तखत** |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | **दस्तखत** |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | **दस्तखत** |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | **दस्तखत** |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | **दस्तखत** |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | **दस्तखत** |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | **दस्तखत** |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | **दस्तखत** |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | **दस्तखत** |
| १० | वडाध्यक्ष | श्री मनोज राय | **दस्तखत** |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | **दस्तखत** |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | **दस्तखत** |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | **अनुपस्थित** |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | **दस्तखत** |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | **दस्तखत** |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | **दस्तखत** |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | **दस्तखत** |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य वहादुर आठपहरिया | **दस्तखत** |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | **दस्तखत** |
| २० | सचिव | श्री सुरेन्द्र थापा मगर | **दस्तखत** |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | **दस्तखत** |

<u>निर्णय नं १</u>

धनकुटा नगर कार्यपालिकाको विद्येयक समितिको मिति २०७५।१२।२७ गतेको निर्णय अनुसार पेश भएको तपसिलका नियमावली र निर्देशिका स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपसिल :</u>

(क) **धनकुटा नगरपालिका नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७५**
(नियम संख्या नौ र अनुसूची संख्या पाँच )

(ख) **धनकुटा नगरपालिका बजार अनुगमन निर्देशिका, २०७५**
( दफा संख्या तेईस र अनुसूची संख्या छ) ।

<u>निर्णय नं २</u>

धनकुटा न.पा. ५ विहिवारे हाटमा पशु वधस्थल निर्माणका लागि रु. २,९९,००,०००।०० को डि.पि.आर. सहित योजना स्वीकृतीको लागि श्री भुमि व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय, पशुपंक्षी तथा मत्स्य विकास निर्देशानालय, प्रदेश नं. १ विराटनगरमा माग गरिएकोमा हाल उक्त कार्यालयबाट सो योजनाका लागि रु. ५०,००,०००।- मात्र स्वीकृत गरी सो भन्दा बढी रकम थप गर्न नसकिने व्यहोरा जानकारी गराएकोले माथि उल्लेखित डि.पि.आर.मा संलग्न संरचनाहरु मध्ये दुई तले पशु वधशाला मात्र अनुमानित रु. ७५,००,०००।- निर्माण गर्न सकिने भएकोले रु. ७५,००,०००।- मध्ये रु. २५,०००००।- यस न.पा. बाट व्यहोर्ने गरि योजना शंसोधन सहित स्वीकृत गरि सम्झौताको लागि सम्बन्धित निर्देशानालयमा पठाउने निर्णय गरियो ।

<u>निर्णय नं ३</u>

धनकुटा नगरपालिका वडा नं. ९ को चालु आर्थिक बर्षको लागि स्वीकृत वडास्तरीय कार्यक्रम अनुसार क्र.स. ३.२७ मा वालवालिकाको लागि क्षमता अभिवृद्धि सम्बन्धी अध्ययन भ्रमण कार्यक्रम अन्तरगत हवाई मार्गबाट विराटनगर-काठमाडौं ,पोखरा अध्ययन भ्रमण गराउनका लागि पेश भएको कार्यक्रम सञ्चालनका लाीग अनुमति दिने गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ४</u>

धनकुटा नगरपालिका ६ नं. वडा कार्यालयको च.न. ६१७ मिति २०७५।१२।१४ को पत्रबाट चालु आर्थिक बर्षको लागि स्वीकृत कार्यक्रम अनुसार वडास्तरीय बजेटतर्फ क्र.स. २.१० विउ विजन अनुदान सहयोग योजनामा विनियोजित रु. ३,००,०००।- (तीन लाख) बजेट परिमार्जन गरी सोही वडामा खेलमैदान योजना सञ्चालन गर्नको लागि माग भई आएकाले सोहि बमोजिम खेल मैदान निर्माण योजना स्वीकृत गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ५</u>

धनकुटा नगरपालिका वडा नं. १० स्थित धनकुटा एग्रो टुरिजम एण्ड फन भ्याली प्रा.लि. प्रवेश शिव मार्गको मिति २०७५।९।१७ गतेको पत्रबाट चालु आर्थिक बर्षको लागि स्वीकृत कार्यक्रम अनुसार नगरस्तरीय बजेटतर्फ क्र.स. १.१४ विद्युत जडान पात्लेखोला योजनामा विनियोजित रु ४,००,०००।- (चार लाख) बजेटलाई परिमार्जन गरी योजना सञ्चालन गर्नको लागि माग भई आएकाले सोहि बमोजिम उक्त बजेटबाट सडक निर्माण गर्न परिमार्जित योजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस नगरपालिकामा विगत लामो समय देखि कार्यरत देहायका सामाजिक परिचालकहरुले विगतमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत पोशाक भत्ता बापत सुविधा उपभोग गरी रहेकोमा हाल उक्त कार्यक्रम समाप्त भई उल्लेखित सामाजिक परिचालकहरुलाई नगरपालिकाबाट निर्णय भई कामकाज लगाई रहेको तर निजहरुको लागि पोशाक भत्ता विनियोजन नभएको हुँदा निजहरुको उत्प्रेरणामा सकारात्मक योगदान पुग्ने भएकाले १३ जना सामाजिक परिचालकहरु र १ जना सव इन्जिनियरलाई चालु आर्थिक बर्षमा अन्य कर्मचारी सरह पोशाक भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | पद | नामथर |
|---|---|---|
| १ | सव इन्जिनियर | रमन्स माझी |
| २ | सामाजिक परिचालक | इन्द्र बिक्रम खडका |
| ३ | सामाजिक परिचालक | रुपा बनेम |
| ४ | सामाजिक परिचालक | गीता तिम्सीना |
| ५ | सामाजिक परिचालक | उमा भण्डारी |
| ६ | सामाजिक परिचालक | रेणु पौडेल |
| ७ | सामाजिक परिचालक | जमुना दाहाल |
| ८ | सामाजिक परिचालक | सर्मिला भट्टराई |
| ९ | सामाजिक परिचालक | रीना उदास |
| १० | सामाजिक परिचालक | धनकुमारी राई |
| ११ | सामाजिक परिचालक | नारायण कुमार राई |
| १२ | सामाजिक परिचालक | टंक रोईला |
| १३ | सामाजिक परिचालक | अञ्जना लिम्बु |
| १४ | सामाजिक परिचालक | सुश्मा दाहाल |

**निर्णय नं. ७**

मुख्यमन्त्री ग्रामिण कृषि सडक निर्माणको लागि भौतिक पूर्वाधार विकास मन्त्रालय १ नं. प्रदेश विराटनगरमा तपसिल बमोजिमका सडक स्तरोन्नतिका लागि सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल :

१. षडेश्वर मन्दिर देखि वडा नं. २ को कार्यालय हुँदै मधुगंगा सडक स्तरोन्नति धनकुटा न.पा. १ र २ ।
२. हिले प्रहरी चौकी देखि ओकमालुङ हुँदै भिरगाउँ सडक वडा नं. १ र २ (७ कि.मी.) ।

**निर्णय नं. ८**

धनकुटा न.पा. को आर्थिक बर्ष २०७५/७६ को लागि राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रमबाट प्राप्त शसर्त अनुदानबाट धनकुटा न.पा. १ हिले बसपार्कमा ९(नौ) थान सौर्य सडकबत्ति जडान गर्ने निर्णय गरियो

**निर्णय नं. ९**

धनकुटा नगरपालिकामा संचालित विभिन्न विद्यालयहरुले शैक्षिक वर्ष २०७६ मा कक्षा थप गरिपाउँ भनी निवेदन पेश गरेको र नगर शिक्षा समिति धनकुटाको मिति २०७५/१२/१२ गतेको बैठकको निर्णयानुसार तपसीलमा उल्लिखित विद्यालयहरुलाई कक्षा संचालन अनुमतिका लागि आधारभूत तथा माध्यमिक शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को दफा ७ बमोजिम सिफारिस गरी पठाएको हुँदा २०७६ देखि तपसील बमोजिम कक्षा संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

तपसिल :

| सि.नं | विद्यालयको नाम र ठेगाना | अनुमति दिने कक्षा |
|---|---|---|
| १ | समता स्कूल धनपा-७ | ३ |
| २ | दिपज्योति इ.वो स्कूल हिले धनपा -१ | ७ |
| ३ | देउराली आधारभूत विद्यालय धनपा-८ | ९ |
| ४ | सिहदेवी प्राथमिक विद्यालय खाल्डे, धनपा-६ | ६ |
| ५ | अमरज्योति प्रावि महाङ धनपा-९ | ४ |

**निर्णय नं. १०**

श्री गोकुण्डेश्वर मा.वि. धनकुटा न.पा. ५ को मिति २०७५।१२।२७ गतेको प्राप्त पत्रानुसार उक्त विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्न चालु आर्थिक बर्षमा सशर्त तर्फ प्राप्त रकम मध्ये भौतिक पूर्वाधार तर्फको योजना सञ्चालनार्थ लागत सहभागिता बापत व्यहोर्नु पर्ने १०% रकम विद्यालयको न्यून आर्थिक कारणले व्यहोर्न नसकिने भएकाले उक्त रकम छुट गरी सम्झौता गरी पाउँ भनि पत्र प्राप्त भएकाले यस अघि कार्यपालिकाको बैठकबाट भएको निर्णयानुसारको १०% सहभागिता जम्मा नगरी सम्झौता गर्न गराउन नगर कार्यपालिकाको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

यस नगर कार्यपालिकाको नगर प्रमुखज्यूको प्रेस संयोजकको रुपमा नियुक्त श्री रमेशचन्द्र अधिकारीले राजीनामा दिनु भएकाले उक्त पदमा चौविसे गाउँपालिका वडा नं. ७ बस्ने श्री शोविस चेम्जोङलाई नियूक्ती गर्ने निर्णय गरियो ।